# WEST BENGAL STATE COUNCIL OF VOCATIONAL EDUCATION & TRAINING

## Higher Secondary (Vocational) Examination, 2011

CLASS-XII

(For Regular & Casual Candidates)

NEPALI

*Time Allowed: 3 Hours* *Full Marks: 100*

*The figures in the margin indicate full marks.*

*Candidates are directed to give their answers in their own words as far as possible.*

१. अवतरित पद्यांशहरुमा आधारित कुनै दुइ प्रश्नहरुका उत्तर लेख : १०×२=२०

(क) एकान्तमा दिन विदा जब लिन्छ लाल
आएर शैल शिरमा दुइ हात भाल
सम्झन्छु बोलिबिच छाति अट्याउँदैन
आँसू सिवाय रसिलो अरु आउँदैन्॥

(ख) प्रस्तुत पद्यांश कुन कविताबाट निकालिएको हो? यसका कवि को हुन्? के कुराको सम्झनाले कविलाई आँसू मात्र आउँछ र किन? अर्थ स्पष्ट पार।

असन्तुष्ट देख्छु सूर्यलाई अझै
नमस्कार म गर्दिन उसलाई
अर्पिंदिन सूर्य पूजनका प्रात: जल
उसको प्रत्यागमनमा।

(ग) उपर्युक्त पद्यांश कुन कविताबाट लिइएको हो? यसका कवि को हुन्? कविले किन सूर्य पुजनका प्रात: जल अर्पिन चाहँदैनन्? दिइएको पद्यांशको आधारमा स्पष्ट पार।

अनि
धेरै कालपछि
मेरी छोरी
कुनै दिन त्यस्तो आउला
त्यो रातो रेखा खोजे पनि
तिमी पाउनेछैनौ त्याहाँ।

(घ) उपर्युक्त पद्यांश कुन कविताबाट लिइएको हो? यसका रचनाकार को हुन्? कुनै दिन त्यस्तो आउला भनेर कविले कस्तो दिनको कल्पना गरेका छन्? त्यो कस्तो रेखा र खोजेपनि नपाउने भनेर कविले के भन्न चाहे हुन्? स्पष्ट पार।

आऊ, अब आउने हिउँदमा उठाउनलाई
हाम्रो सम्भावनाको खेतमा बाली लगाऊँ
हाम्रो खेत ओगटेर जुन भीमसेन ढुङ्गो बसेको छ
त्यसलाई हाम्रा बाबुले पुजे

त्यसलाई हाम्रा बराजुले पुजे
त्यसलाई पुज्दा पुज्दै निखे हाम्रा कैयौं पुर्खाहरु।

उपर्युक्त पद्यांश कुन पाठबाट निकालिएको हो? यसका कवि को हुन्? हाम्रो सम्भावनाको खेतमा बाली लगाँऊ भनेर कविले के भन्न चाहेका छन्? प्रस्तुत पद्यांशको भाव स्पष्ट पार।

२. तलका कुनै दुई प्रश्नहरुको उत्तर लेख: १०×२=२०

(क) नाच उठाउनुभन्दा अघि यस्तो विधि अझ प्रचलित छ। गुरुविना यो नाच उठाउन सकिन्दैन। नाच उठाउनु अघि मूख्य पात्रहरुले ब्रत लिएका हुन्छन्।

प्रस्तुत गद्यांश कुन पाठवाट लिइएको हो? यसका लेखक को हुन्? यहाँ नाचको कुरा गरिएको छ? उक्त नाच उठाउन अघि र अन्त गर्नुभन्दा अघि के कस्ता नियम पालन गर्नु पर्छ। खुलस्त पार।

(ख) कस्तो निर्दोष कुरामा पनि विषालु सापँ जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ।

प्रस्तुत गद्यांश कुन कथावाट लिइएको हो? यसका कथाकार को हुन्? यस गद्यांशका माध्यमवाट कथाकारले विशेषगरी के भन्न चाहेका छन्? स्पष्ट पार।

(ग) यस्तो रुप, भरखरको यौवन। रहरलाग्दो छोरो। फेरि कसरी भन्नुहुन्छ विध्वस्त जीवन्।

प्रस्तुत गद्यांश कुन कथावाट निकालिएको हो? कथाकार को हुन्? उक्त वाक्य कसले कसलाई अनि कुन प्रसङ्गमा भनिएको हो? कसको जीवन विध्वस्त भएको थियो? कसरी? स्पष्ट पार।

(घ) महाराजकहाँ विन्ती पुग्यो तलब भत्ता दिनपर्ने होइन एउटा इज्जत सम्म मात्र हो, त्यो पनि मरिसकेको बहुनलाई।

प्रस्तुत गद्यांश कुन पाठबाट लिइएको हो? लेखक को हुन्? के कुराको निम्ति महाराजकहाँ विन्ति पुग्यो? मरिसकेका बाहुन को थिए? तिनले नेपाली भाषा साहित्यमा दिएका योगदानबारे छोटकरीमा चर्चा गर।

३. भोलि उदाउँने सूर्यलाई अथवा चारु कविताको मूल भाव सरल भाषामा लेख। ०५

४. टिप्पणी लेख (कुनै एक): ०५

(क) नेपाली संस्कृति

(ख) लक्ष्मीप्रसाद देवकोटा

(ग) कृष्ण राय

५. कुनै तीन प्रश्नहरुको उत्तर लेख: १०×३=३०

(क) आगन्तुक शब्द भन्नाले के बुझिन्छ? कति प्रकारका छन्? प्रत्येकको परिभाषा दिदैँ उदाहरण देऊ।

(ख) अनुकरण शब्द भन्नाले के बुझिन्छ? तिमीले जानेका कुनै पाँचवटा अनुकरण शब्दहरु लेखी वाक्यमा प्रयोग गर।

(ग) विपरीतार्थक शब्द लेख (कुनै दश):

अमृत, व्यय, प्रशंसा, लौकिक, घृणा, संयोग, प्रलय, आस्तिक, अन्त, उदय, पराजय, परतन्त्र, दयालु, हिंसा।

(घ) कारक र विभक्ति भन्नाले के बुझिन्छ? कति प्रकारका हुन्छन्? प्रत्येकको नाम लेख।

(ङ) तिमीले जानेका कुनै पाँचवटा उखानहरु लेखेर वाक्यमा प्रयोग गर।

भाव विस्तार गर (कुनै एक): १०

(क) मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन।

(ख) बनको बाघले खाओस नखाओस मनको बाघले खानु।

(ग) शान्तिको विजय संग्रामको भन्दा कम हुँदैन।

कुनै एक विषयमाथि निबन्ध लेख: १०

(क) समाजमा विद्यार्थीको भूमिका।

(ख) बन्द र त्यसको प्रभाव।

(ग) आतकंवाद र त्यसको समाधान।

---